## मुल्य....

क्षेत्रनै हो ।'
सवै महाभारत क्षेत्रका किसानलेहरुले मात्र गर्ने गरेका छन, जुन १५ हेक्टरभन्दा बढी क्षेत्रफलमा किसानले वर्खे आलु खेती गर्छन ।' रौतामाई, ताप्ली र लिम्चुङबुङ गाँउपालिमा वर्खे आलु उत्पादन गर्ने पकेट क्षेत्र विस्तार गर्न सकिने उनको भनाइ छ ।
सडक व्यवस्थित नहुँदा जिल्लाका बजारमा ल्याएर विक्री गर्न पनि समस्या भएको यातयात व्यवसायि होमबहादुर बस्नेत बताउँछन । 'आलु धेरै उत्पादन हुन्छ,' उनले भने, 'वर्खे आलु भएकाले सडक पुरै हिलै हिलो हन्छ, ढुवानी गर्न पनि समस्या हुन्छ, लोड ल्याउनै सकिदैन, अनि उत्पादन भएको आलु पनि कुहिर जाने गरेको देखेको छु ।'

## आजबाट...

आयोजक उदयपुर सहितका महिला टिमले प्रतिपर्धा गर्ने आयोजक समितिका प्रदीप श्रेष्ठले जानकारी दिनु भयो ।
प्रतियोगिताको बिजयीले ७५ हजार र उपविजेताले ४० हजार नगद सहित प्रमाण पत्र र ट्रफि प्राप्त पत्रकार सम्मेलनमा जानकारी गराएको छ ।
प्रतियोतितमा सम्पन गर्न कुल ९ लाख रुपौया लाग्ने र उक्त रकम त्रियुगा नगरपालिका, त्रियुगा नगरपालिका को वाडाहरु, उदयपुर सिमेन्ट, रौतामाई गाउँपालिका, चौदण्डीगढी नगरपाालिका लगायतले सहयोग प्रतिवद्धता जनाएको आयोजक आशिस दाहाले जानकारी दिनु भयो । पत्रकार सम्मेलनमा त्रियुगा नगरपालिका उपमेयर देवि कुमारी चौधरी, त्रियुगा नगरपालिका वडा १० वडा अध्यक्ष प्रकाश खड्का, त्रियुगा खेलकुद विकास समितिका अध्यक्ष प्रदिप श्रेष्ठ लगायतको सहभागिता रहेको थियो ।

## संघीयता...

बुझ्नुपर्छ भने आजको संसारमा ठूलो आतंककारी' अमेरिका नै हो । हाम्रो जस्ता कमजोर देशमा आर्थिक सहायता दिने बहनामा हस्तक्षेप गर्छन् । हामीले आफ्ना खुट्टा लुला बनाएपछि विदेशीले हेप्छन, किन्छन् । त्यसकारण यहाँका राजनीतिक पार्टी र प्रशासकहरु नै यस विषयमा सतर्क हुनुपर्छ । उनीहरु स्वाभिमानी हुनुपर्छ ।

**नेकपासँग एकता असम्भव**

सिद्धान्त विचार र राजनीति मिल्ने पार्टीहरुले बेग्लाबेग्लै खिचडी पकाएर बस्नुभन्दा मिल्दा नै राम्रो हुन्छ । थ्रेसहोल्डले गर्दा एकठाउँमा आउनुपर्छ । तर राष्ट्रिय जनमोर्चाले कसैसँग पार्टी एकताको सम्भावना देखेको छैन । कतिपय पार्टीसँग सहकार्य वा कार्यगत एकता हुनसक्छ । पार्टी एकताकै लागि अहिले हामीले त्यो सम्भावना देखेका छैनौं । किनभने पार्टी एकता गरेर हामीले हण्डर खाइसक्यौं नि । आज मिल्नि भोली लथालिङ्ग हुने खालको पार्टी एकता गरेर राम्रो हुन्न । धेरै कुरा विचार गर्नु पर्दारहेछ ।
निीति, सिद्धान्त र व्यवहार मिल्नेहरु त किन एक्लाएक्लै बस्नु पर्यो र ? कार्यगत एकता इतिहासमा हामीले तत्कालीन एमाले, माओवादी, कांग्रेस र राप्रपासँग पनि गर्यौं ।
नेकपासँग पार्टी एकताका विषयमा कतिपयले अर्नगल हल्ला पनि गरे । सत्तारुढ नेकपासँग पार्टी एकताको कुनै सम्भावना छैन । बढीमा अहिले हामीबीचमा सहकार्य मात्रै हो । ***(राष्ट्रिय जनमोर्चाका अध्यक्ष एवम् पूर्वउपप्रधानमन्त्री चित्रबहादुर केसीसँग गरिएको ुराकानीमा आधारित) साभार- थाहाखवरबाट***


# लिम्चुङबुङ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## बाराहा, उदयपुर

## प्रदेश नं.१, नेपाल

# सेवा करारमा कर्मचारी पदपूर्ति सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७६/०२/१६**

**यस लिम्चुङबुङ गाउँपालिकाको कार्यालयमा रिक्त रहेको देहाय बमोजिमको पदमा देहाय बमाजिमको योग्यता पुगेका नेपाली नागरिकहरुबाट लिम्चुङबुङ गाउँपालिकाद्धारा स्वीकृत दस्तखत फारम भरी यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र  दिनको २:०० बजेसम्म राजस्व तिरेको रसिद सहित रितपूर्वक दरखास्त फारम पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।**

| बिज्ञापन नं. | पद/श्रेणी | पद संख्या | न्यूनतम शैक्षिक योग्यता | दरखास्त शुल्क रु. | कैफियत |
|---|---|---|---|---|---|
| ०५/२०७५/७६ | ना.प्र.स्वा.प्रा. | १ | मान्यता प्राप्त संस्थाबाट एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम १ वर्षे जेटिए (पशु विज्ञान) तालीम प्राप्त वा पशु विषय लिई टि.एस.एल.सी. उत्तीर्ण गरेको । | ५००।- | |

**शर्तहरु :**
**१. दरखास्त दिने स्थान : लिम्चुङबुङ गाउँपालिकाको कार्यालय, बाराहा उदयपुर ।**
**२. परीक्षाको किसिम : लिखित परिक्षा र अन्तर्वाता हुनेछ ।**
**३. सम्पर्क मिति : अन्तिम मितिको भोलिपल्ट र सो दिन सार्वजनिक विदा परेमा त्यस पछि कार्यालय खुल्ने पहिलो दिन ।**
**४. दरखारुत दिने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट सम्म दरखास्त बुझाउन सकिने छ ।**
**५. काम गर्नु पर्ने स्थान : लिम्चुङबुङ गाउँपालिका भित्र ।**
**६. तलब सुविधा : नेपाल सरकारको प्रचलित तलब स्केल बमोजिम ।**
**७. दरखास्त फारम र सूचना यस लिम्चुङबुङ गाउँपालिकाको कार्यालयको बेभसाईट** www.sunkoshimunudayapur.gov.np **बाट समेट  प्राप्त गर्ने र हेर्न सकिने छ ।**
**८. दरखास्त फारम साथ पेश गर्नु पर्ने कागजातहरु : नेपाली नगरिकताको प्रमाण पत्र, शैक्षिक योग्यताको प्रमाण पत्र, चारित्रिक प्रमाण पत्र, अनुभबको प्रमाण पत्र । पेश गरिएका सबै प्रतिलिपिहरुको पछ्याडी उम्मेदवार स्वंयमले हस्ताक्षर गरि प्रमाणित गर्नु पर्ने छ ।**
**९. उमेरको हद : दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष उमेर पुरा भै ३५ वर्ष ननागेको (महिला उमेदवारको हकमा ४० वर्ष ननागेको) हुनु पर्नेछ ।**
**१०. दरखास्त दस्तुर वापतको रकम यस लिम्चुङबुङ गाउँपालिकाको कार्यालयको राष्ट्रिय बाणिज्य बैंक गाईघाट, उदयपुरमा रहेको खाता नं.२०९०३०४०१८१०६(संचित कोष)खातामा बुझाई सो को सकल रसिद दरखास्त फारम साथ राख्नु पर्नेछ ।**
**११. यस सम्बन्धमा थप जानकारीको लागि लिम्चुङबुङ गाउँपालिकाको कार्यालय बाराहा, उदयपुर तथा मोवाईल नं.९८५४०४०९०० वा ९८४२९१७६२० मा सम्पर्क राख्न सकिने छ ।**
**१२. विज्ञापन गरिएको पदको परिक्षा पाठ्यक्रम लोक सेवा आयोगले निधारण गरे बमोजिम हुने छ ।**
**१३. सम्पर्क मिति दरखास्त बुझाउने अन्तिम दिनको भोलिपल्ट ।**
**१४. परिक्षा सम्बन्धी कार्यतालिका सम्पर्क मितिको दिन यस लिम्चुङबुङ गाउँपालिकाको बेभसाईट** www.sunkoshimunudayapur.gov.np **मा प्रकाशन गरिने छ ।**

**प्रमुख प्रशासकिय अधिकृत**
**लिम्चुङबुङ गाउँपालिको कार्यालय**